बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

अनुसूची -२
(परिच्छेद २ दफा ३ उपदफा (४) सँग सम्बन्धित)

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना
**प्रथम पटक प्रकाशित मिति:२०८०।०४।२३**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस बेलबारी नगरपालिकाको व्यवसाय संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा ३ बमोजिम हालसम्म यस नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको ३० (तीस) दिनभित्र देहायका विबरण तथा कागजात संलग्न राखी नगरकार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको म्यादभित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यवसायलाई नगरपालिकाको व्यवसाय संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा १६ बमोजिम निजलाई कार्यालयबाट फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर वा करदाताको कारोबार रोक्का गरेर वा करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर वा करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी लिलाम बिक्री गरेर निजबाट लिनुपर्ने व्यवसाय कर असूल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (६) बमोजिम व्यवसाय बन्दको कारवाही समेत चलाउन सकिनेछ ।

**आवश्यक कागजातहरू**

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ख) प्रचलित कानुन बमोजिम सम्बन्धित अन्य निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको भए सो प्रमाणपत्रको प्रतिलिपि
(ग) गैर नेपाली नागरीकको हकमा सम्बन्धित देशको नागरीकता वा नागरीक जनिने प्रमाणपत्रको प्रतिलिपि
(घ) आफ्नै घरजग्गा भए जग्गा धनीपूर्जाको प्रतिलिपि वा भाडामा बस्ने भए भाडा रकम, भुक्तानी तरिका र भुक्तानी गर्ने पक्ष समेत खुलेको वहाल सम्झौतापत्र
(ङ) सञ्चालकको दुई प्रतिपासपोर्ट साईजको फोटो ।

नि. प्रमुख प्रशासकीय अधिकृत